कर्णाली प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय

# उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय

जाजरकोट
नेपाल

## स्थानीय कच्चा पदार्थमा आधारित उद्योग प्रवर्द्धन कार्यक्रम अन्तरगत (वन तथा वातावरण संरक्षण निर्माणका लागि) मेशिनरी औजारमा अनुदान सम्बन्धी प्रस्ताव आह्वानको सूचना

तेस्रो तथा अन्तिम पटक सूचना प्रकाशित मिति २०७८/१०/१०

यस कार्यालयको चालु आ.व. ०७८/०७९ को वार्षिक स्वीकृत कार्यक्रम बमोजिम वन तथा वातावरण संरक्षण निर्माण, स्थानीय कच्चा पदार्थमा आधारित उद्योग प्रवर्द्धन गर्न आवश्यक मेशिन, औजार तथा उपकरणमा सहयोग गरी अनुदान कार्यविधि नियम-३ र कार्यक्रम संचालन तथा कार्यान्वयन कार्यविधि २०७८ को दफा ११ बमोजिम तपशिलका शर्तहरुको अधिनमा रही प्रथम तथा दोश्रो पटक सूचना प्रकाशित गरिएकोमा तपशिल बमोजिमका अनुदान उपलब्ध गराउन सकिने क्रियाकलापमा प्रयाप्त प्रस्ताव पेश नभएकोले छनौट समितिको निर्णयानुसार पुन: तेश्रो तथा अन्तिम पटक यो सूचना प्रकाशित गरिएको छ । सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र कार्यालय समयमा तोकिएको ढाँचामा शिलबन्दी प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सबैको लागि सूचना प्रकाशित गरिएको छ ।

- कार्यक्रमको नाम : स्थानीय कच्चा पदार्थमा आधारित उद्योग प्रवर्द्धान कार्यक्रम (वन वातावरण संरक्षण निर्माण)
- कार्यक्रम संचालन हुने स्थान : जाजरकोट जिल्ला
- उद्देश्य : यस जिल्लामा पाईने महत्वपूर्ण स्थानीय कच्चा पदार्थहरुको पहिचान गरी उक्त कच्चा पदार्थमा आधारित साना तथा मझौला उद्योगहरुका लागि मेशिन, औजार, उपकरण लागत सहभागितामा अनुदान प्रवाह गरी उद्योग स्थापना मार्फत स्थानीयहरुको जीविकोपार्जनमा सहयोग, रोजगारी बृद्धी गर्न लगायतका क्रियाकलापबाट अन्ततोगत्वा प्रदेशको आर्थिक बृद्धी गर्ने ।

❖ अनुदानग्राहीले पेश गर्नुपर्ने कागजातहरु :

१. अनुसूचि-१ बमोजिमको निवेदन
२. उद्यमीको नेपाली नागरिकताको प्रतिलिपी
३. उद्योग दर्ताको प्रमाण पत्र, करचुक्ता प्रमाणपत्र/५० लाख भन्दा बढी कूल पूँजी भएको उद्योगको हकमा अडिट रिपोर्ट समेत (म्याद समाप्त भई अघिल्लो वर्षको कर चुक्ता र अडिट रिपोर्ट पेश गर्ने अवस्था नभएमा थमौती पत्र तथा अघिल्लो आ.व.को करचुक्ता तथा अडिट रिपोर्ट समावेश गर्नु पर्ने)
४. उद्योग संचालित अवस्थामा रहे/नरहेको, रोजगारीको विवरण तथा अनुदान उपलब्ध गराई दिने व्यहोराको स्थानीय तहको सिफारिस ।
५. अन्य विभिन्न क्षेत्रबाट अनुदान प्राप्त गरे/नगरेको सम्बन्धमा स्व: घोषणा पत्र ।

७८/१०/१०
कार्यालय प्रमुख

६. अनुदान उपलब्ध गराउन सकिने क्रियाकलाप :

| सि.नं. | अनुदान प्रवाह गरिने क्रियाकलाप | अनुदान रकमको सिमा | स्थान | कैफियत |
|---|---|---|---|---|
| १. | पानी प्रशोधन उद्योग | ८,००,०००।- | जाजरकोट जिल्ला भित्र | सम्बन्धित उद्योगले मात्र पेश गर्न सकिने |

७. सरकारी निकायबाट तालिम प्राप्त गरी उद्योग व्यवसाय संचालन गरेको भए, प्रमाण पत्रको प्रतिलिपी ।

८. दलित तथा अपाङ्ग उद्यमीको हकमा प्रमाणित कागजातको प्रतिलिपी (कम्पनी तथा साझेदारी फर्मको हकमा लागु नहुने)।

९. तालिम प्राप्त जनशक्ति कार्यरत भएको भए, कामदारको तालिम सम्बन्धी कागजातको प्रतिलिपी ।

१०. व्यवसायीक योजना ।

११. आवश्यक मेशिन औजारको स्पेशिफिकेशन लागत तथा परिमाण सहितको विस्तृत विवरण तथा ब्रोसियर ।

नोट : अनुदानग्राही प्रोप्राईटर भए, प्रोप्राईटरलाई/ साझेदारी भए, सबै साझेदारहरुको हस्ताक्षरित र कम्पनीको हकमा कम्पनीको निर्णयानुसार अख्तियारवालाले पेश गरेका कागजातका पछाडी स्वयंले प्रमाणित गरेको कागजातहरु वैधानिक मानिने छ ।

( मान बहादुर खत्री )
कार्यालय प्रमुख